नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः मितिः२०७३/१२/१०

च.नं.:

## राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र नर्वेली विदेश राज्यमन्त्री बीच भेटवार्ता

## प्रेस विज्ञप्ति

काठमाडौं

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. मीनबहादुर श्रेष्ठ र नेपाल भ्रमणमा रहेका नर्वेका विदेश राज्यमन्त्री (State Secretary) माननीय टोन स्कोगेन (Tone Skogen) बीच बिहिबार आयोगको सचिवालय सिंहदरबारमा भेटवार्ता सम्पन्न भएको छ।

भेटका अबसरमा उहाँहरुबीच संयुक्त राष्ट्र संघ, दिगो विकास लक्ष्य, महिला सशक्तिकरणको अवस्था तथा बदलिँदो राज्य संरचनामा नेपालले लिने विकासका रणनीतिलगायतका विषयमा छलफल भएको थियो । राज्यमन्त्री स्कोगेनले नेपालको सामाजिक एवम् आर्थिक विकास प्रयासमा नेपाल सरकारको साझेदारिता तथा संयुक्त राष्ट्र संघ र अन्य विकास साझेदारहरुप्रति नेपाल सरकारको धारणा बारे जिज्ञाशा राख्नुभएको थियो ।

उहाँले महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणको अवस्था, संघीय संरचनामा विकास साझेदार तथा संयुक्त राष्ट्र संघको भूमिकाका बारेमा पनि जिज्ञाशा राख्नुभएको थियो ।

उक्त अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मानीय डा. श्रेष्ठले संयुक्त राष्ट्र संघको भूमिका राम्रो रहेको र नेपालमा संयुक्त राष्ट्र संघलाई राम्रो विकास साझेदारको रुपमा लिने गरेको बताउनुभयो ।

संयुक्त राष्ट्र संघले नेपाललाई जटिल परिस्थितिमा सहयोग गरेको बताउँदै उहाँले नेपालको सामाजिक विकास र क्षमता अभिवृद्धि जस्ता क्षेत्रमा संयुक्त राष्ट्र संघको ठूलो योगदान रहेको बताउनुभयो । उहाँले नेपाल सरकारले दिगो विकास लक्ष्य हासिल गर्नको लागि विकास साझेदार तथा संयुक्त राष्ट्र संघसँग समन्वय र सकार्यको लागि उच्चस्तरीय समिति गठन गरेको जानकारी गराउनुभएको थियो ।

साथै उपाध्यक्ष डा. श्रेष्ठले नेपालमा लैंगिक समानता लगायतका सामाजिक सवालमा नेपालले राम्रो प्रगति हासिल गरेको तर आर्थिक विकासमा त्यति धेरै सफलता हासिल गर्न नसकेको बताउनुभयो ।

तीन दिने भ्रमणमा मंगलबार नेपाल आउनुभएका विदेश राज्यमन्त्रीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड तथा परराष्ट्र मन्त्री प्रकाशशरण महतसँग शिष्टाचार भेट गर्ने कार्यक्रम रहेको छ ।

२०७३ चैत्र १० गते

फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ४२११७००, ईमेलः info@npc.gov.np वेभसाईटः www.npc.gov.np